☎ ०८२-५९०६४०
info@rajpurmundang.gov.np
URL: www.rajpurmundang.gov.np

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्याः २०८०/०८१
चलानी नम्बरः

## उद्यमशीलता विकास सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/२५**

यस गाउँपालिकाको मिति २०८१/०२/२० गतेको निर्णय अनुसार उद्यमशीलता विकास तथा वजारीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ७ बमोजिम गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम प्राप्त गरेका उद्यमी व्यवसायीहरुलाई बस्तुगत आर्थिक सहायता प्रदान गरिने भएकाले तपशिल बमोजिमको शर्त तथा मापदण्डहरु पुरा गरेका उद्यमीले संलग्न आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले ७ दिन भित्र निवेदन पेश गर्न यो सूचना आहान गरिएको छ ।

<u>शर्त तथा मापदण्डहरु</u>

क. व्यक्तिगत वा सामुहिक रुपमा उद्यम दर्ता तथा नविकरण गरेको हुनुपर्नेछ ।

ख. उद्यमी राजपुर गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनुपर्नेछ ।

ग. व्यक्तिगत उद्यमीको हकमा निजले गाउँपालिका वा गाउँपालिकामा सूचिकृत संस्थाबाट तालिम लिएको हुनु पर्नेछ ।

घ. सामुहिक रुपमा उद्यम सञ्चालन गरेकाहरुको हकमा समुहका कम्तिमा ३ जना सदस्यहरुले गाउँपालिका वा गाउँपालिकामा सुचिकृत भएका गैरसरकारी संघसंस्थाबाट तालिम लिएको हुनुपर्नेछ।

ङ. निवेदन पेश गर्नु भन्दा कम्तिमा ६ महिना अगाडि उद्यम दर्ता भई सञ्चालन भएको हुनु पर्नेछ।

<u>आवश्यक कागजातहरु</u>

१. उद्यमीको नागरिकताको फोटोकपी र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो

२. सामुहिक उद्यमीको हकमा पदाधिकारीहरुको नागरिकताको फोटोकपी र हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो र समुहको विद्यानको फोटोकपी

३. उद्यम दर्ता तथा नविकरण गरेको प्रमाणपत्र

४. वडा कार्यालको सिफारिसपत्र

५. तालिम प्राप्त प्रमाणपत्रको पोटोकपी

नोटः निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्नुहोला । थप जानकारीका लागि कार्यालयमा वा ९८५७८४२६६६ मा सम्पर्क गर्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत